म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१५ अङ्क:- २८२ २०८१ भदौ १९ गते बुधबार 4 September 2024, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

## कार्यपालिका बैठक भोलि बस्दै

हेटौँडाः हेटौँडा उपमहानगरपालिकाको कार्यपालिका बैठक भोलि बिहिबार बिहान ८ बजे बस्दैछ। व्यवसायीसँगको सम्झौतासँगै नगरसभाका बहुमत सदस्यले माग गरेको विशेष नगरसभा आव्हान गर्ने गरी उपमहानगरपालिकाको कार्यपालिका बैठक बस्न थालेको बताइएको छ। बिहिबार बिहान ८ बजेका लागि कार्यपालिका बैठक बोलाइएको एक वडाअध्यक्षले जानकारी दिनुभएको छ। चालु आर्थिक वर्षका लागि उपमहानगरपालिकाले जारी गरेको आर्थिक ऐनमा अस्वभाविकरुपमा राजश्वको दर वृद्धि गरिएको, राजश्वको दर वृद्धि गर्ने प्रक्रियामा नगरप्रमुख र उपप्रमुखले गैरजिम्मेवार भएर दफावार छलफल नै नगराएको भनी नगरसभा सदस्यहरु रुष्ट छन्। व्यवसायी समेत विरोधमा उत्रिएपछि अन्ततः नगरप्रमुख मीना कुमारी लामा र उपप्रमुख राजेश बानियाँ विशेष नगरसभा बोलाउन सहमत भएका हुन्।

# बागमतीका ४ संरचना नेतृत्वविहीन, कार्य प्रभावित

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका ४ संरचना नेतृत्वविहीन भएका छन्। प्रदेशका महत्वपूर्ण निकायको कार्यकारी नेतृत्व रिक्त रहेका हुन्। प्रदेश सरकारले समयमा नै उक्त पदहरुमा पदपूर्ति नगर्दा लामो समयदेखि उक्त निकाय नेतृत्वविहीन बनेका हुन्।

प्रदेश सरकारअन्तर्गतको प्रदेश लोकसेवा आयोग, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रदेश खेलकुद विकास परिषद् र प्रदेश दुग्ध विकास बोर्डको कार्यकारी प्रमुख पद रिक्त रहेको हो। योसँगै प्रदेशको संवैधानिक निकाय प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षसहित सदस्य पद रिक्त रहेको हो।

गत फागुनदेखि प्रदेश लोकसेवा आयोग अध्यक्षविहीन रहेको छ भने गत बैशाख ६ गतेबाट प्रदेश दुग्ध विकास बोर्ड, असार २४ बाट प्रदेश खेलकुद विकास परिषद् र साउन १५ बाट मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकूलपति पद रिक्त रहेको हो। सरकार परिवर्तनसँगै गत साउन ६ बाट प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्ष पद रिक्त रहेको छ।

प्रदेशको स्वायत्त संस्थाको रुपमा रहेको प्रदेश लोकसेवा आयोग नेतृत्वविहीन भएको ७ महिना बित्ने चरणमा रहेको छ। गत फागुनदेखि नै प्रदेश लोकसेवा आयोगको अध्यक्ष पद रिक्त रहेको हो। प्रदेशको कर्मचारी व्यवस्थापनमा महत्वपूर्ण रहेको उक्त संरचना नेतृत्वविहीन भइरहँदा प्रदेश सरकारले पदपूर्ति गर्न सकेको छैन।

आयोगका अध्यक्ष सुरेशमान श्रेष्ठले उमेर हदका कारण अवकाश लिएसँगै अध्यक्ष पद रिक्त भएको हो। प्रदेश लोकसेवा आयोग ऐनमा आयोगको अध्यक्ष र सदस्य नियुक्ति भएको मितिले ६ वर्ष पदावधि हुने व्यवस्था छ भने ऐनको दफा ६ को (ख) मा अध्यक्ष वा सदस्यको उमेर ६५ वर्ष पूरा भएमा पदबाट अवकाश हुने व्यवस्था छ।

आयोगको नेतृत्व चयनमा सरकारको चासो कम पर्दा तथा सरकारको भविष्य अस्थिर हुँदा अध्यक्ष नियुक्ति अन्योलमा परेको हो। राजनीतिक उतारचढावका कारण प्रदेशको महत्वपूर्ण अंगको रुपमा रहेको आयोगको अध्यक्ष नियुक्ति प्रक्रिया अघि बढ्न नसकेको हो।

आयोगको अध्यक्ष नियुक्तिका विषयमा प्रदेश मामिला समितिको बैठकबाट सभापति छिरिङ दोर्जे लामाले तत्काल नियुक्त गर्न निर्देशन दिनुभएको थियो। साउन १६ मा बसेको बैठकमा सभापति लामाले आयोगको अध्यक्ष नियुक्त नहुँदा कर्मचारी व्यवस्थापन तथा नियुक्ति र बढुवा प्रक्रियासमेत प्रभावित भएकाले तत्काल नियुक्त गर्न निर्देशन दिएको हो। बैठकले निजामती ऐनको समयानुकूल संशोधन गर्न निर्देशनसमेत दिएको छ।

आयोगको अध्यक्ष नहुँदा कर्मचारी बढुवा तथा नयाँ भर्ना प्रक्रिया अघि बढाउन समस्या भएको छ भने अन्तरवार्ता सञ्चालनमा समेत समस्या भएको छ। अध्यक्ष नहुँदा कतिपय कार्यहरु वरिष्ठतम् सदस्यको संयोजकत्वमा गर्नुपर्ने अवस्था रहेको छ। आयोगका पदाधिकारीमा हाल २ सदस्य मात्र रहेको सभापति लामाले बताउनुभयो।

ऐनको दफा ३ मा व्यवस्था गरिएबमोजिम मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेशसभाका सभामुख र प्रदेशसभाको विपक्षी दलको नेता सदस्य रहेको सिफारिस समितिले आयोगको अध्यक्ष र सदस्य नियुक्तिको निर्णय गर्ने र प्रदेश प्रमुखसमक्ष नियुक्तिका लागि सिफारिस गर्ने व्यवस्था छ।

यता, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकूलपति (भिसी)सहित रजिष्ट्रार र संयोजक पद रिक्त रहेको छ। विसं २०७७ साउन १६ मा तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेल नेतृत्वको सरकारले प्रतिष्ठानको भिसीमा डा. विश्वराज जोशीलाई ४ वर्षे कार्यकालका लागि नियुक्त गरेको थियो। कार्यकाल पूरा गरी डा. जोशी गत साउन १५ मा विदा भइसक्नु भएको छ।

उहाँसँगै भदौ १४ मा प्रतिष्ठानका रजिष्ट्रार राजेश प्रसाई र संयोजक चिरञ्जीवी चुँडाल पनि कार्यकाल पूरा गरी विदा भइसक्नु भएको छ। उहाँहरुको विदाईसँगै एक महिनादेखि प्रतिष्ठानको भिसी र भदौ १४ बाट रजिष्ट्रार र संयोजक पद रिक्त रहेको छ। सो पदहरु रिक्त हुँदा प्रतिष्ठानको प्रशासनिक कार्य सञ्चालन शिक्षाध्यक्षको भरमा रहेको छ।

भिसी रिक्त हुँदा नीतिगत निर्णय तथा अन्य महत्वपूर्ण कार्यहरु प्रभावित भएको छ भने रजिष्ट्रार र संयोजक नहुँदा प्रशासनिक तथा व्यवस्थापकीय कार्य प्रभावित भएको छ। अस्पताल व्यवस्थापन, नयाँ कार्यक्रमलगायतका विषय पनि प्रभावित भएको छ।

विशेषगरी सत्ताधारी दुई दलहरुबिच सहमति जुट्न नसक्दा सो पदहरुमा नियुक्ति कार्य अघि बढ्न सकेको छैन। सो पदहरुको भागबण्डाका विषयमा सहमति जुट्न नसक्दा सरकारले नियुक्ति प्रक्रिया अघि बढाउन सकेको छैन।

उता, प्रदेश दुग्ध विकास बोर्डको उपाध्यक्ष पदा रिक्त भएको ५ महिना भएको छ। गत बैशाख ६ मा तत्कालीन उपाध्यक्ष टीकाबल्लभ सापकोटाको उपचारको क्रममा निधन भएपछि सो पद रिक्त छ। रिक्त पदमा सरकारले नियुक्तिको तयारी गरेको छैन। २०७७ असोज २७ मा तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले बोर्ड उपाध्यक्षमा सापकोटालाई नियुक्त गर्नुभएको थियो। ४ वर्षे कार्यकाल रहेको उक्त पदमा सापकोटाले पूरा अवधि काम गर्न पाउनु भएन।

यस्तै, गत असार २४ बाट प्रदेश खेलकुद विकास परिषद्को सदस्यसचिव पद रिक्त रहेको छ। दशौं राष्ट्रिय खेलकुदको मिति नजिकिएसँगै कार्यकारी भूमिकामा रहने प्रदेश खेलकुद विकास परिषद्को सदस्यसचिव पद रिक्त रहेको हो। सो पद रिक्त रहेको २ महिना पूरा हुन लाग्दा पनि सरकारले नयाँ नियुक्तिका विषयमा निर्णय गर्न सकेको छैन। सरकार परिवर्तन र मन्त्रालय व्यवस्थापनका कारण सदस्यसचिव नियुक्तिको विषय ओझेलमा पर्दै आएको छ। तत्कालीन सदस्यसचिव सूर्यलाल भण्डारीको ५ वर्षे कार्यकाल गत असार २३ गते सकिएपछि प्रदेश खेलकुद विकास परिषद् नेतृत्वविहीन अवस्थामा रहन पुगेको हो।

परिषद्को सदस्यसचिव नियुक्तिमा कानुनी समस्याका कारण पनि ढिलाई भएको देखिन्छ। प्रदेश खेलकुद विकास ऐन २०७५ को दफा ३ को उपदफा २ (क) अनुसार परिषद्को अध्यक्ष सामाजिक विकासमन्त्री हुने भनिएको छ। प्रदेशमा सामाजिक विकास मन्त्रालयबाट युवा तथा खेलकुद मन्त्रालयको विभाग अलग गरी छुट्टै मन्त्रालय निर्माण भइसकेको छ। जसका कारण व्यवहारिक र विभागीय जिम्मेवारी खेलकुदमन्त्री मातहत रहनुपर्ने हो। तर, कानुनी व्यवस्थाका कारण परिषद्को अध्यक्ष खेलकुदमन्त्री हुनसक्ने अवस्था छैन।

सरकार परिवर्तनसँगै रिक्त रहेको प्रदेश योजना आयोगको उपाध्यक्ष पदसमेत खाली छ। नयाँ सरकार गठनको महिना दिन बित्दासमेत सो पदमा सरकारले उपयुक्त व्यक्ति नियुक्त गर्न सकेको छैन।

### छिट्टै नियुक्ति गर्छौं: मुख्यमन्त्री लामा

बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले रिक्त रहेका राजनीतिक नियुक्तिका पदहरु छिट्टै नै पूर्ति हुने बताउनुभयो। सरकारले रिक्त रहेका पदहरुमा छिट्टै नियुक्ति गरेर काम अघि बढाउने गरी छलफल अघि बढाएको उहाँले बताउनुभयो।

प्रदेश लोकसेवा आयोगको विषयमा सरकार गम्भिरताका साथ अघि बढेको र भदौभित्र नै अध्यक्ष नियुक्त गर्ने तयारी गरिएको उहाँको भनाइ छ। आयोगसँगै अन्य संरचनामा पनि सरकारले पदपूर्ति गरेर कामलाई अघि बढाउने गरी तयारी गरेको उहाँले बताउनुभयो।

'हामीले लोकसेवा आयोगको अध्यक्षका बारेमा छलफल गरिसकेका छौं। छिटो भन्दा छिटो अध्यक्ष नियुक्त गर्ने विषयमा अघि बढिरहेका छौं', मुख्यमन्त्री लामाले भन्नुभयो- 'भदौ महिनाभित्रै गर्ने लक्ष्य लिएका छौं। बैठक बसेको कुरालाई बाहिर सार्वजनिक गर्ने कुरा पनि भएन। सहमति लगभग जुटिसकेको छ।'

मुख्यमन्त्री लामाका अनुसार अन्य संरचनाका कार्यकारी पदका विषयमा पनि सत्ता साझेदार दलहरुबिच छलफल भइरहेको छ। २ ठूला दलहरु मिलेर बनेको सरकारले प्रदेशका समस्या र चुनौतीलाई व्यवस्थापन गर्ने पक्षतर्फ अगाडि बढेको उहाँले बताउनुभयो।

# प्रदेशभर एकैदिन ८ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशको चार जिल्लामा विभिन्न घटनामा परी एकैदिन ८ जनाको मृत्यु भएको छ। मकवानपुरमा मात्रै ५ जना, सिन्धुली, रामेछाप र चितवनमा एक-एक जना गरी ८ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

सोमबार मकवानपुरको विभिन्न स्थानमा फरक-फरक घटनामा परी पाँच जनाको मृत्यु भएको छ। जसमध्ये दुई जनाको सवारी दुर्घटनामा परी मृत्यु भएको हो भने तीन जनाको शव मृत अवस्था फेला पारेर बरामद गरेको हो। सोमबार बिहान सवारी दुर्घटनामा पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडा-१९, नेवारपानीमा ट्रकको ठक्करबाट मोटरसाइकल चालक हेटौंडा-९ का २५ वर्षीय अभिषेक सुवेदीको मृत्यु भएको थियो भने साँझ भीमफेदी-६, जुरिखेतस्थित हेटौंडा-भीमफेदी-काठमाडौं सडकखण्डबाट ५ सय मिटर तल खसेर मोटरसाइकल चालक वीरगञ्ज महानगरपालिका-१५ का ४० वर्षीय वृतनारायण यादवको मृत्यु भएको थियो।

यस्तै हेटौँडा-२ मा डेरा गरी बस्ने भीमफेदी-५ स्थित धुसेनीका २४ वर्षीय कृष्ण रुचाल मगर कोठामै मृत अवस्थामा भेटिएका थिए। यस्तै प्रहरीले बागमती गाउँपालिका-४, चौरादोभानस्थित सनाखत नभएको एक महिलाको शव बरामद भएको छ। सोमबार नै बकैया गाउँपालिका-६ बाट खोलाले बगाएर बेत्तपा भएकी सोही वडाकी ४२ वर्षीय नानीमाया तितुङ बाराको कोहल्बीमा मृत भेटिएकी थिइन्।

सोमबार सिन्धुलीको तीनपाटन गाउँपालिका-८, पिप्लेस्थित गिरीटोलमा एक वृद्धको भीरबाट लडेर मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ। मृत्यु हुने स्थानीय ९० वर्षीय वृद्ध पन्चे तामाङ रहेको प्रहरीले जनाएको छ। वृद्ध तामाङ शनिबारदेखि घरबाट निस्केकोमा फर्केर नआएपछि खोजतलास गर्ने क्रममा घरबाट १ किलोमिटर पर भीरबाट लडेर मृत अवस्था भेटिएको हो।

यस्तै सोमबार रामेछापको दोरम्बा शैलुङ गाउँपालिका-५, रजमन्टार डाँडागाउँमा करेन्ट लागेर एक वृद्धको मृत्यु भएको छ। मृत्यु हुनेमा स्थानीय ७० वर्षीय भीम बहादुर श्रेष्ठ रहेको प्रहरीले जनाएको छ। आफ्नै घरको कोठामा बिजुलीको तारबाट अचानक करेन्ट लागेर वृद्धको मृत्यु भएको हो।

सोमबार चितवनको भरतपुर महानगरपालिका-१४, सुन्दरबस्तीस्थित केरुङ्गा घोलमा एक पुरुष मृत फेला परेका छन्। भरतपुर-१४, शान्तिपुरका ४८ वर्षीय शिवहरी कोईराला मृत अवस्थामा भेटिएको प्रहरीले जनाएको छ। सोमबार बिहान १० बजे शव मुचुल्कापश्चात पोष्टमार्टमका लागि भरतपुर अस्पतालमा राखिएको प्रहरीले जनाएको छ।

# बागमतीमा संविधान दिवसमा दीप प्रज्वलनदेखि स्वास्थ्य परीक्षणका कार्यक्रम

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा सरकारले ३ दिनसम्म संविधान दिवस मनाउने भएको छ। विभिन्न कार्यक्रम आयोजना गरी प्रदेश सरकारले ३ दिनसम्म संविधान दिवस मनाउने निर्णय गरेको हो।

मंगलबार मुख्यमन्त्री बहादुर सिंह लामाको अध्यक्षतामा बसेको बैठकले दिवस मनाउन ४३ सदस्यीय मुल समारोह समिति गठन गरेको छ। मुख्यमन्त्री लामा संयोजक रहेको उक्त समितिमार्फत् दिवसको अवसरमा विभिन्न गतिविधि तथा कार्यक्रम सञ्चालन गरिने प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव पूर्णबहादुर दर्जीले जानकारी दिनुभयो।

मन्त्रालयका सचिव दर्जीका अनुसार समितिमा संघ तथा प्रदेशका सरकारी निकाय, स्थानीय तह, सुरक्षा निकाय, विभिन्न संघसंस्थाहरु रहेका छन्। सो समितिका सदस्यहरुको संयोजनमा विभिन्न कायक्रमहरु सञ्चालन हुने उहाँले बताउनुभयो।

दिवसको अवसरमा असोज १ गते सामाजिक विकास मन्त्रालयले 'संविधान कार्यान्वयनका नौ वर्षः उपलब्धि र चुनौती' विषयक प्रदेश राजधानी रहेको जिल्लाका क्याम्पसस्तरीय निबन्ध प्रतियोगिता आयोजना गरिनेछ। संविधान दिवसकै अवसरमा वन तथा वातावरण मन्त्रालयले उपयुक्त स्थानमा वृक्षरोपण, युवा तथा खेलकुद मन्त्रालयले राष्ट्रसेवक र नागरिकको सहभागिता हुनेगरी खेलकुद कार्यक्रम आयोजना गर्ने निर्णय गरिएको छ।

यस्तै, दिवसको अवसरमा २०८० सालको एसईई परीक्षामा सामुदायिक विद्यालयबाट प्रदेशस्तरमा सर्वोत्कृष्ट जिपीए प्राप्त गर्ने एक जना छात्रा र एक जना छात्रलाई नगद पुरस्कार वितरण गर्ने, स्वास्थ्य मन्त्रालयमार्फत् स्वास्थ्य शिविर सञ्चालन, अपांगता भएका व्यक्तिहरुलाई कृत्रिम अंग प्रदान, रक्तदान कार्यक्रम र सरसफाई गर्ने निर्णय गरिएको छ। असोज ३ गते विशेष समारोहसहित दिवस मनाउने निर्णय गरिएको छ।

दिवसको अवसरमा सरकारी कार्यालय परिसर, प्रदेश राजधानीको बुद्धचोक र बसपार्क तथा सार्वजनिक सवारी साधनहरुमा राष्ट्रिय झण्डा फहराउने, दीप प्रज्ज्वलन गर्ने निर्णय गरिएको छ।

हाम्रो सुमो सेवाको नयाँ प्रस्तुती...



छिट्टै सञ्चालनमा आउँदै।

Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा





२०६८ सालदेखि हेटौँडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं।

हेटौँडा-काठमाडौं-हेटौँडा हेटौँडा-बीरगन्ज-हेटौँडा

साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला।

भेष खड्गी, सञ्चालक

हाम्रो सुवो सेवा

हेटौँडा-४, मेनरोड (बलराम दास एण्ड सन्स पेट्रोल पम्प नजिकै)
९८४५४-५७५०७, ९८५५०६८८७३

सम्पर्क
हेटौँडा ०५७-५२१४२१
९८५५०७८३७८ (हटलाइन)

ललितपुर ०१-५४०४४४४
९८५५०-७८४७८ (हटलाइन)
सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)

मुख्य कार्यालय हेटौँडा
०५७-५९१०४०

Erke brand authorized showroom

D next dress up

OPENING SOON

हेटौँडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६

ERKE

# फूल होस् जीवन



**सम्झना सिग्देल**

जीवन फूल हो भने
फूल जस्तो रङ्गाउन
किन गाह्रो हुन्छ
जीवन चलाउन किन गाह्रो हुन्छ ॥

सजाउन र रमाउन
सिक्दै छु
फूल जस्तो जीवन
बनाउन खोज्दै छु ॥

आज दुःख होला तर
सुख ल्याउने छु
जीवनलाई फूल झैँ
सजाउन खोज्दै छु ॥

आफ्नो पीडा आफैंमा हुन्छ
त्यो मलाई थाहा छ
पीडा भुलाउन फूल झैँ
रङ्गाउनु पर्छ जीवन ॥

दुःखमा नआत्तिनु
र सुखमा नमात्तिनु
भन्नु हुन्छ आमा
फूल हो जीवन ॥

फूल झैँ रङ्गाउनु छ
दुःख सुःख जे भएपनि
रमाउला फूल जस्तै
जीवन बनाउला ॥

फूल झैँ आउछ जीवन
ओइलाएर जान्छ जीवन
लोभ लाभ केही छैन जीवनमा
फूल झैँ बनाउला जीवन ॥

हरेक पाइला सफल नदिए पनि
एक न एक दिन सफल होस्
फूल झैँ रङगीदै जान्छ जीवन
त्यसैले फूल होस् जीवन ॥

*कक्षा-१२, भुटनदेवी मावि, हेटौँडा-४*

# साहित्यकार



**मिशन बन्जारा**

कलमको साहाराको भरमा
चल्छ जिन्दगी उसको
समाजको वास्तविकता जसले देखाउँछ
त्यो नै त हो साहित्यकार ॥

न ऊ राम्रो लुगाको चाह गर्छ
न ऊ धनकै आशा गर्छ
ऊ त केवल कलम कापीमा रमाउँछ
ऊ नै त हो साहित्यकार ॥

साहित्य एक सपना हो
यो एउटा मार्गदर्शन हो
त्यसको अनुयायी नै
त साहित्यकार हो ॥

आफ्नो राष्ट्रको ऊ चिन्ता गर्छ
तर उसको चिन्ता कसले गर्छ ?
कसले सोच्छ ?
गलत नेतृत्वको ऊ हाँस्यव्यङ्ग्य
गर्न पनि डराउँदैन
ऊ त केवल आफ्नै मनको ब्रह्माण्डमा रमाउँछ
समाजलाई नयाँ स्वरुप दिने
ऊ कोशिषमा लाग्छ
ऊ नै त हो साहित्यकार
ऊ नै त हो समाजको ऐना ॥

जे को पनि ऊ प्रतिबिम्ब देखाई
ऊ कलम चलाउन आतुर हुन्छ
जब उ साहित्यमै गर्न खोज्छ केही
उसको मनमा आत्मबल र चुनौती
झेल्न सक्ने आँट हुनुपर्छ
समय कुर्न सक्ने बल हुनुपर्छ
अनि उसलाई भनिन्छ साहित्यकार ॥

समाजका विकृतिको सधैँ बस्छ उ विरुद्धमा
सायद आँट्ने होला उसको लागि एक
धारिलो तलवार त्यो नै होला सायद
उसका लागि सुदर्शन चक्र
साहित्यकारको सामान्य विचार पनि
निकै हुन्छ गम्भीर
त्यसैले त भनिन्छ उसलाई
समाजको गहना, समाजको ऐना ॥

*कक्षा-९, ज्ञानदीप शिक्षा निकेतन मावि, हेटौँडा-५*

# यसपालिको दशैं जात्रा



**अप्सन दाहाल**

**स्थानः स्कुलको चमेना गृहमा**
**समयः ३ बजे**
**पात्रः अंकित बराल**

अंकित बराल मकवानपुर जिल्लाको कमाने भन्ने ठाँउमा बस्छ । उसको घर नजिकै उसको विद्यालय छ । उसको विद्यालयको नाम कमाने एकेडेमी हो । अब चाडपर्वको माहोलहरु पनि नजिकिँदै छ । यसै कुरालाई ध्यान दिँदै अंकितको विद्यालयले पनि आउँदै गरेको नेपालीहरुको महान पर्व वडा दशैंको अवसर पारी दशैं जात्रा महोत्सव आयोजना गर्न लागेको छ । हुन त यो जात्रा अंकितको विद्यालयले पोहोर साल पनि गरेको थियो । तर यसपालि अझै बढी नयाँ ढंगमा गरी सबैलाई मनोरन्जन गराउने कुरा विद्यालयले परिवारले बनाएको छ । र यसै सन्दर्भमा टेबुलमा राखेका खाजा खाँदै टोलाएर अंकित सोच्न थाल्छ ।

ओहो ! समय कति चाँडै बितेको, दशैं पनि त आइसक्यो । अर्को महिना त दशैं नै हो, फेरि आज भदौको १४ गते पनि भइसकेछ । ए ! अब त दशैं जात्रा महोत्सवको तयारी गर्नका लागि पनि धेरै समय छैन । झन् यो पालि त जात्रा महोत्सव भव्य गर्ने भन्ने कुरा शिक्षकहरूको मुखबाट सुन्दै थिएँ । पोहोर साल पनि त नरमाइलो भएको होइन नि । त्यो जात्रा सबैको लागि नयाँ पनि त थियो नि । काम गर्दा हाम्रो कमिकमजोरी त हुन्छ नै । अब भने त्यो कमिकमजोरीलाई सुधारेर झन् नयाँ अनुभव बटुल्ने हो । सुन्नमा त आएको थियो कि यसपालि फूडस्टल, फेस पेन्टिङ, खेल स्टल राख्ने भनिएको छ । झन् अर्को कुरा त यसपालि लाखे नाच, राष्ट्रिय गान तथा अन्य गीतहरु कमाने चोक मै प्रस्तुत गर्ने कुराले यो मन एकदमै उत्साहित भएको छ । मेरो पनि त जिम्मेवारी धेरै हुने छ । त्यही माथि म विद्यालयको कप्तान परेँ । सोच्दा पनि मेरो मन आत्तिसक्यो ।

तर के भयो र हामी सबै शिक्षक विद्यार्थीहरू मिलेर नै काम गर्ने हो । मैले पनि धेरै गीतमा भाग लिएको छु । म एकदमै मिहिनेत गरी सबैलाई चकित पार्ने कोशिष गर्नेछु । मान्छेहरूको भिड, बाजागाजाको आवाज त्यसैमाथि मिठा मिठा स्वादिष्ट परिकार खाई सबैजना अवश्य रम्ने छन् । समय मिले भने त सबैतिर घुम्ने हो । मलाई त लाग्छ की कमानेबासीले पुरै सडक भरिन्छन् होला । फेरी फिलिप सर र रोहन सर पनि आफ्ना कामहरू र प्रस्तुती राम्रो होस् भनेर एकदम भिड्नुभएको छ । मलाई मेरो विद्यालयको यहि नयाँ-नयाँ क्रियाकलाप गर्ने तरिका खुबै मनपर्छ । जात्रामा रमाइलो त अवश्य हुन्छ ।

एक्कासी शिक्षक आउनुहुन्छ र अंकित ए अंकित किन खाजा नखाएको तिमीले भनेर सोध्नुहुन्छ, र ऊ मुसुक्क हाँसेर आफ्नो खाजातर्फ हेर्दै खान थाल्छ)

*कक्षा-९, कमाने एकेडेमी, हेटौँडा-८*

# छर छिमेकको महत्व



**गृष्म खरेल**

"ए रामु दाइ, रामु दाइ" भन्दै श्याम रामुको घर आयो । उसको छोरा बिरामी भएर अस्पताल भर्ना भएको थियो । घरम सुको थिएन । त्यसैले पैसाको आवश्यकता भएको भएर उसले रामुसँग पैसा माग्न रामुलाई गुहार्दै आएको थियो । आफूसँग पैसा भएपनि पैसा छैन मसँग त भनेर टार्‍यो । निकै आशको भारी बाकेर आएको श्यामुको अनुहारमा एकाएक कालो बादलले ढाक्यो । उता छोरा जीवनको दोसाँधमा बाँचिरहेको छ । यता बाबु ऋणको भारी बोकौं भन्दा पनि मनै भारी बनाएको छ यो दुष्ट र पापी समाजले ।

केही दिनपछि असार महिना लागेको थियो । रामुको खेत रोप्नका लागि सबै छिमेकी उसको खेतमा भेला भएका थिए । रोपाईका लागि सबै कुरा तयार भइसकेको थियो । तर कुलोबाट पानी आउन बन्द भयो । रामु त्यहाँ पुग्दा त श्यामले पो कुलो बन्द गरेको रहेछ । श्यामले पैसा नदिएकाले कुलो बन्द गरेको कुरा थाहा पायो । उसकै जग्गामा कुलो पर्ने भएर रामुले केही गर्न सकेन । उसले जसो-तसो खेत रोपाई गरायो ।

मान्छेको जीवनचक्र रोटेपिङझैं घुम्ने कुरा यथार्थ रहेछ । केही दिनको अन्तरालपछि श्याम पनि ओछ्यानमा थला पर्‍यो । यसलाई छरछिमेकले हतारहतार अस्पताल पुर्‍याए । श्याम अस्पतालमा र गतको अभावले छटपटाइरहेको थियो । उसलाई रगतको खाँचो परेको थियो । रगतको समूह कसैसँग मिल्दैन तर रामुसँग भने मिल्थ्यो । रामुले त्यो कुरा थाहा पाएपछि उसलाई रगत दिन हतार हता सबै काम छाडेर अस्पताल पुग्यो । रामुकै रगतले आखिरमा श्यामुको ज्यान बच्यो । श्यामले छर छिमेकको महत्व थाहा पाउँछ ।

हाम्रो जीवनमा छिमेकीको अतुलनीय भूमिका हुन्छ । त्यसैले केही गल्ती भएमा त्यसलाई सुधार्नु पर्छ र अघि बढ्नु पर्छ ।

*कक्षा-९, नवोदय शिशु सदन, हेटौँडा-४*

# बुबा



**रेखा घिमिरे**

बुबा जस्तो अटुट सम्बन्ध
कहीँ पनि भेटिँदैन ।
जति नजिक भएपनि
तिर्सना कहीँ मेटिँदैन ॥
कठोर वचनको पछाडि चोखो माया
लुकाउनु हुन्छ बाबा,
हाम्रो अनुहारमा खुसी ल्याउनका लागि
नोकर बनिदिनु हुन्छ बाबा,

परिवारको ओठमा मुस्कान ल्याउन
दुःख पीडा लुकाउनुहुन्छ,
दुई छाक टार्नका लागि
रातदिन नभनी परिश्रम गर्नुहुन्छ,
गोजी खाली भएपनि
मैले नाई भनेको सुनेकी छैन ।
मैले बुबाभन्दा धनी मान्छे
कहीँ देखेकी छैन ।

बुबाको हरेक बलिदानमा हाम्रो खुसी
बुबाको हाँसोले दिन उज्यालो बनाउँछ ।
बुबाको आँसुले मन दुखाउँछ
माया सधैं साथमा रहन्छ ।
बुबाको हातले सम्हालेको भविष्य
पाइलाले देखाएको बाटो,
माया र स्नेहले भरिएकी हृदय
सम्झना सधैं बाँचिरहन्छ ॥

*कक्षा-१०, मकवानपुर बालविद्या सदन, हेटौँडा-१८*

# Short speech about Father's Day.



**Saadhya Gautam**

Hello everyone! my name is Saadhya Gautam. Today I am going to tell a short speech about my father.

My father is my hero. He goes to college. at 6 am but he wakes up at 5am. He works very hard just to give us good life. He sacrifices everything just so he can see you smile and have a roof on top of our heads.

He helps us in both good and bad times. A Father only wants one thing and that is just to see you be happy. He helps me with study. He hides all his problems. I love my father so much!

Thank you

*Class - 4, Baljyoti Ma. Vi., Hetauda-5*

# बाबा



**आयुष्मा श्रेष्ठ**

बाबा शब्द दुई अक्षरको
पुकार्दै छु अनलाइनमै भएपनि
परिस्थिति हो यो भाग्य हो खै
मेरो भाग्यमा बाबाको माया अनलाइन नै हुने भयो ।

नेपाली हामी भएर यहाँ भविष्य बनाउनुपर्ने
तर ज्ञान विदेशी अर्काको काम गर्नुपर्ने
मेरो बाबा छोरी भन्दै रुँदै होलान् कुनै कुनामा
मृत्यु पछिको कुरा त होइन जिउँदैमा पनि टाडिनुपर्ने ।

नजानु स्वदेश छोडेर पनि भन्न नसकिने
सुखी जीवन चाहिँ सबै पूरा त गर्न नै पर्‍यो,
मेरो नि भाग्य देख्दै छु आज विदेशी मूलको माटो
सुन्दर जीवन आफ्नै देश कल्पनामा सीमित मात्र ।

वीर गोर्खालीको देश आज बन्दै छ खण्डहरु
बाहिर जान बन्द गर ए सरकार
दुई चार वर्ष दुःख होला झर्लान् रगत पसिना
सँगै त हुन्छन् माया त पाउँछन् जीवनको सार ।

चाँडै होला भेट बाबा प्रर्थाना गर्छु भगवानसँग
मागेर पाउने त थाहा छैन मलाई झिनो आशमा बाँच्दै छु अब

*कक्षा-७, सिद्धार्थ शिशु सदन, हेटौँडा-५*

# दशैं आयो



**अर्चना ठाडा मगर**

वर्षमा एक चोटी आउने यो चाडपर्व
खुशी ल्याउँछ मानिसको करौंडौ अर्ब
कोही हुन्छ परदेशमा कोही हुन्छ कहाँ
भेट्न पाए हुन्थ्यो रमाइलो चाडमा भएपनि जहाँ ॥

आफू भन्दा ठूलाका हातबाट टिका आशीर्वाद थापी
यो रमाइलो चाडमा गल्ति भए पाउँ मैले माफी
इष्टमित्र मिली मनाऔं चाडपर्व
सबै जना खुशी हौं दुःखलाई छाड ॥

निधारमा टीका जमरा थाप्न जाउ सबैको घर
एक चोटी आउने पर्व हो रमाउ नमानी डर
दुःख मात्र होइन सबैको सुख पनि हुन्छ
यो रमाइलो दशैं चाडले सबैको मन छुन्छ ॥

यो रमाइलो चाड कसलाई रमाउन लाग्दैन र मन
परदेश जानुपर्छ दुःख कष्ट भोगी कमाउन धन
खुशी लाग्छ समाजमा सबैलाई सघाउँदा
मनै फुरुङ्ग हुन्छ यो दशैंमा रातो टीका लगाउँदा

वर्षमा एक चोटी दशैं आयो
सबैको घरमा रमझम खुशीयाली छायो ॥

*कक्षा-७, बालज्योति मावि, हेटौँडा-५*

## जिल्ला लिग फुटबल प्रतियोगिता

# मंगलबार ४ खेल सम्पन्न

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा जारी प्रथम संस्करणको मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगितामा मंगलबार ४ खेल सम्पन्न भएको छ । हेटौंडा-११ स्थित सिमलटार खेल मैदानमा दुई र हेटौंडा-६ स्थित गौरीटार रंगशालामा दुई गरी मंगलबार प्रतियोगिताको ४ खेल सम्पन्न भएको हो ।

सिमलटार मैदानमा भएको पहिलो खेलमा विजय युथ क्लबलाई १-० गोलले हराउँदै एफसी इन्टरनेट विजयी भएको छ । एफसी इन्टरनेटले उपहार स्वरुप प्राप्त गरेको आत्माघाति गोल निर्णायक गोल हुन पुगेको हो । विजय युथका अर्जुन गोलेले आत्माघाति गोल गरेका हुन् । खेलको म्यान अफ द म्याच इन्टरनेटका मिक्सन लामा घोषित भएका छन् ।

सिमलटार मैदानमै भएको दोस्रो खेलमा हेटौंडा फुटबल एकेडेमीलाई ३-० गोलको फराकिलो अन्तरले हराउँदै साविक विजेता न्यू डाँफे युवा क्लब विजयी भएको छ । यसअघि उद्घाटन खेलमा महाबीर क्लबलाई ७-० को फराकिलो अन्तरले हराएको डाँफे क्लबले दोस्रो खेलमा फुटबल एकेडेमीलाई पराजित गरेको हो । डाँफेको जीतमा सुशान्त गोलेले दुई गोल गरेका हुन् भने निश्चल थापा मगरले एक गोल गरेका हुन् । खेलको म्यान अफ द म्याच किशन थापा मगर घोषित भएका छन् ।

यता, गौरीटार रंगशालामा भएको पहिलो खेलमा आरआर वाईसीलाई २-० गोलले हराउँदै सक्षम युवा क्लब विजयी भएको छ । दोस्रो खेलमा महाबीर क्लबलाई ६-० गोलले हराउँदै रियल स्टार क्लब विजयी भएको छ ।

सक्षम युवा क्लबको जीतमा सविन गिरी र हेनिस मगरले समान एक-एक गोल गरेका हुन् । खेलको म्यान अफ द म्याच उत्तम श्रेष्ठ घोषित भएका छन् । रियल स्टारको जीतमा सुजन पाख्रिनले ह्याट्रिक गरेका छन् भने निमा रुम्बा, अनिश तामाङ र साजन थिङले समान एक-एक गोल गरेका छन् । म्यान अफ द म्याच अनिल मोक्तान घोषित भएका छन् ।

प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको फाइनल खेल असोज ९ गते हुनेछ ।

# भीमफेदी-सुपिङ पदयात्रामा रमाए युवा



समाज संवाददाता

हेटौंडाः मकवानपुरका युवाले भीमफेदी-सुपिङ पदयात्रा सम्पन्न गरेका छन् । स्वतन्त्र विद्यार्थी युनियन हेटौंडा क्याम्पसको आयोजना तथा हेटौंडा हाइकर्स र नगरस्तरीय युवा सञ्जालको समन्वयमा आयोजित पदयात्रामा मकवानपुरका १२० जना युवाहरु सहभागी थिए । शनिबार भएको पदयात्रामा सहभागी युवाहरुले हाइकिङसँगै मनोरञ्जन लिएका थिए ।

हाइकिङमा ६० जना हेटौंडा क्याम्पसका, ४५ जना हेटौंडा हाईकर्सका र नगरस्तरीय सञ्जालका पदाधिकारी सहभागी थिए । हेटौँडाबाट भीमफेदी हुँदै सुपिङसम्म करिब १ घण्टा बसमा यात्रा गरी सुपिङदेखि किवी फर्म हुँदै ३ घण्टाको पैदल यात्रापछि हात्तिसुँडेडाँडासम्मको यात्रा गरिएको हो । स्वतन्त्र विद्यार्थी युनियन हेटौंडा क्यापसका अध्यक्ष अभि मैनालीले नयाँ ठाउँको अवलोकन र प्राकृतिक सम्पदाको प्रवर्द्धन गर्ने उद्देश्यले पदयात्राको आयोजना गरेको जानकारी दिनुभयो । "विद्यार्थी राजनीति भनेपछि सडक आन्दोलन, नारा, जुलुस गर्ने भन्ने बुझाई पनि हुनसक्छ तथा हामी विद्यार्थीहरुको कौशल, ज्ञानको वृद्धि गर्ने तथा विद्यार्थीको हितका लागि काम गरिरहेका छौं", मैनालीले भन्नुभयो । मैनालीले यस कार्यक्रमबाट पदयात्रा संस्कृति उजागर गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको छ ।

कार्यक्रममा अवलोकनकर्ताहरुलाई सुपिङका बासिन्दाले स्थानीय खैंजेडी भजन र पञ्चेबाजा बजाएर स्वागत गरेका थिए । सहभागीले नेपाली धार्मिक एवम साँस्कृतिक पञ्चेबाजा र खैंजेडी भजनको महत्वको विषयमा जानकारी पाएका थिए । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष सञ्जिव श्रेष्ठ तथा वडा अध्यक्षहरुले स्थानीय उत्पादन चनाको तरकारी, काँक्रो, दुध अण्डासहितको नास्ताको व्यवस्था गरेका थिए । पदयात्राका सहभागीलाई कृषि व्यवसायको बारेमा जानकारी दिने र प्रोत्साहन गर्ने हेतुले किमुशेरी ग्रुप प्रालिद्वारा सञ्चालित किवी फार्मको अवलोकन गराइएको थियो । सञ्चालक सुरज लामाले किवीको उत्पादन व्यवस्थित र व्यावसायिक तरिकाले गर्ने विषयमा जानकारी गराउनुभएको थियो ।

प्रकृतिको संरक्षण र वातावरण स्वच्छताका लागि पदयात्रामा सहभागीले आफूले प्रयोग गरी निस्केका फोहोर र यात्रामा अव्यवस्थित भेटिएका प्लास्टिक, बोतल तथा अन्य फोहोरजन्य वस्तुहरुको उचित व्यवस्थापन गरेका थिए । हेटौँडा हाइकर्सका अध्यक्ष सरोज विष्टले ५ वर्षदेखि हाइकिङ गर्दै आएको जानकारी दिनुहुँदै यसपटक स्ववियु र युवा सञ्जालसँग सहकार्य गर्दै पदयात्रा गर्न पाएकोमा खुसी व्यक्त गर्नुभयो । आगामी दिनमा नयाँ स्थानको पहिचान गरी पदयात्रालाई निरन्तरता दिने योजना रहेको विष्टको भनाई रहेको थियो । पदयात्राको टोलीले कार्यक्रममा सहयोग गरेका भीमफेदीका उपाध्यक्ष श्रेष्ठसहित ५ नम्बर वडा अध्यक्ष जहारसिं लामा, ४ का वडा अध्यक्ष सागर पाण्डेसहित सहयोगीलाई मायाको चिनो स्वरुप किताब प्रदान गरिएको थियो ।

## त्रैमासिक परीक्षाको नतिजा सार्वजनिक

# उत्कृष्ट विद्यार्थी पुरस्कृत



*त्रैमासिक परीक्षामा प्रथम हुने विद्यार्थीलाई पुरस्कृत गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिका-३ स्थित प्रजा आधारभूत विद्यालयको प्रथम त्रैमासिक परीक्षाको नतिजा सार्वजनिक भएको छ । मंगलबार विद्यालयले अभिभावकको उपस्थितिमा एक समारोहका बीच प्रथम त्रैमासिक परीक्षाको नतिजा सार्वजनिक गरेको हो ।

प्रथम त्रैमासिक परीक्षामा सहभागी भएका ३ सय २४ जना विद्यार्थीमा ९६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको प्रधानाध्यापक तुलबहादुर सुनारले जानकारी दिनुभएको छ । विद्यालयका ३ सय ११ जना विद्यार्थी उत्तीर्ण भएकोमा १३ जना अनुत्तीर्ण भएको प्रधानाध्यापक सुनारले बताउनुभयो । परीक्षामा विद्यालयको बालविकास कक्षादेखि ८ कक्षासम्मका विद्यार्थीहरु सहभागी भएको उहाँले बताउनुभयो । गत साउन ३१ गतेबाट भदौ ७ गतेसम्म सञ्चालन भएको परीक्षाको नतिजा सम्बन्धित विद्यार्थीको अभिभावकलाई हस्ताक्षर गराएर मार्कसिट वितरण गरिएको उहाँको भनाइ छ ।

शिक्षक अभिभावक संघका अध्यक्ष कर्णबहादुर घलानको सभाध्यक्षमा नतिजा सार्वजनिक कार्यक्रम भएको हो । बालविकास कक्षादेखि ८ सम्मका परीक्षामा प्रथम हुने विद्यार्थीलाई पुरस्कारस्वरुप शैक्षिक सामग्री प्रदान गरिएको उहाँले बताउनुभयो । कक्षा ३ सम्मका विद्यार्थीलाई कापी र कलम पुरस्कारस्वरुप प्रदान गरिएको थियो भने ४ कक्षादेखि ८ सम्मका विद्यार्थीलाई कापी र डट्पेन प्रदान गरिएको थियो ।

कमजोर नतिजा ल्याउने र विद्यार्थीको निरन्तर उपस्थितिको विषयमा पनि अन्तरक्रिया गरिएको छ । विद्यार्थीलाई राम्रो नतिजा ल्याउने कसरी बनाउने, पढाइप्रति ध्यान कसरी केन्द्रित गराउने भन्ने विषयमा पनि छलफल गरिएको उहाँको भनाइ छ । विद्यालयमा एउटा टेलिफोनको व्यवस्था गरिएको बताउनुहुँदै प्रधानाध्यापक सुनारले भन्नुभयो, "यदि कुनै विद्यार्थी विद्यालयमा उपस्थित नभएको अथवा अन्य अवस्थामा हामी उनीहरुका अभिभावकलाई फोन गर्नेछौं ।"

जनजातिका विद्यार्थीको बाहुल्यता भएको विद्यालयमा छात्रवृत्ति अभाव र कक्षाकोठाकाको अभाव रहेको उहाँले बताउनुभयो । विद्यालयको विभिन्न संरचना निर्माण गर्नुपर्ने बताउनुहुँदै विद्यालयलाई हिमराइट्स नेपाल, रेष्टलगायतका संस्थाहरुले सहयोग गरेको प्रधानाध्यापक सुनारले जानकारी दिनुभएको छ ।

# प्रणामी सेवा समितिमा खतिवडा

समाज संवाददाता

हेटौँडाः श्रीकृष्ण प्रणामी सेवा समिति मकवानपुरको ११औं अधिवेशनबाट अध्यक्षमा श्रीराम खतिवडा निर्वाचित हुनुभएको छ । मंगलबार सम्पन्न अधिवेशनबाट सर्वसम्मत नयाँ समिति चयन भएको हो । नवनिर्वाचित समितिको कार्यकाल ३ वर्षको हुनेछ । समितिको उपाध्यक्षमा रमेश प्रसाद खतिवडा र दिपकलाल खतिवडा, सचिवमा हरि वाग्ले, कोषाध्यक्षमा घनश्याम नेपाल र सहसचिवमा गुरु प्रसाद ढकाल चयन हुनुभएको छ । यस्तै सदस्यमा पुरुषोतम सिलवाल, पुरुषोतम ढकाल, रामप्रसाद तिमल्सिना र लक्षमण गिरी निर्वाचित हुनुभएको छ । केन्द्रीय प्रतिनिधिमा केदार प्रसाद चौलागाई चयन हुनुभएको छ । हेटौँडा-८, राजपानीस्थित निजानन्द धाम पार्कमा केदार प्रसाद चौलागाई अध्यक्षता तथा श्रीकृष्ण प्रणामी सेवा समितिका केन्द्रीय उपाध्यक्ष रामकृष्ण तिवारीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । अधिवेशनमा मकवानपुर जिल्लामा रहेका ७ वटा मन्दिरमा रहेको इकाई समितिका प्रतिनिधि सहभागी थिए ।

# न्वागीमा दुई दिन विदा

समाज संवाददाता

हेटौँडाः मकवानपुरको राक्सिराङ गाउँपालिकाले चेपाङ समुदायको महत्वपूर्ण चाड (न्वागी) को अवसरमा दुई दिन सार्वजनिक विदा दिएको छ । मंगलबार एक सूचना जारी गर्नुहुँदै गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले पालिकाले न्वागीको अवसरमा आगामी शुक्रबार र शनिबार दुई दिन सार्वजनिक विदा दिएको बताउनुभयो । उक्त दिन गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण सरकारी कार्यालय एवम् शिक्षण संस्थाहरुमा बन्द हुने भएको छ । राक्सिराङमा अति सिमान्तकृत जाति मानिने चेपाङ समुदायको बाहुल्य छ । पालिकाभरि बसोबास गर्ने जनसंख्यामध्ये करिब ४४ प्रतिशत चेपाङ जाति रहेका छन् । अध्यक्ष मल्लले चेपाङ समुदायको यस पर्व हर्षोल्लासका साथ मनाउन शुभकामना व्यक्त गर्नुभएको छ ।

नारायणी यातायात व्यवसायी संघको
अत्यन्त जरुरी सूचना
(मिति २०८१/०५/१७ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा समेत प्रकाशित भईसकेको)

यातायात क्षेत्रसँग सम्बन्धित संघ, संस्थाहरुको दर्ता तथा नवीकरण नगर्ने भनी नेपाल सरकार, मन्त्री परिषद्ले मिति २०७५/०१/०४ गते निर्णय गरेपश्चात यस संघको नियमित रुपमा हुनुपर्ने अधिवेशन अवरुद्ध भई आएकोमा सोही मन्त्री परिषद्को निर्णयका विरुद्धमा यस संघ समेत सदस्य रहेको नेपाल ट्रक यातायात व्यवसायी महासंघले सम्मानित सर्वोच्च अदालतमा रिट दायर गरेकोमा मिति २०८०/१२/२० गते रिट जारी हुने भनी फैसला गरेको हुँदा निकट भविष्यमा नै यस संघको ३६ औं वार्षिक साधारणसभा र १६ औं अधिवेशन हुन गइरहेको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ । साथै, यस संघका सदस्य महानुभावहरुले संघको विधान मुताविक २०८१ असोज मसान्तभित्रमा आफ्नो सदस्यता नवीकरण गरी मतदाता परिचयपत्र लिनुहुन समेत यस संघको मिति २०८१/०५/०९ गतेको कार्यसमितिको निर्णय बमोजिम जानकारी गराईन्छ ।

सरोज कुमार खनाल, महासचिव
नारायणी यातायात व्यवसायी संघ
मुख्य कार्यालय, हेटौँडा, फोन नं. ०५७-५२०६७०

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



Admission Open !!!
+2
Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)
BSc. CSIT
BCA
BBS
TU Affiliate
BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ ।
(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)
हेटौंडा- सिटि कलेज (जेनिथ मावि)
हेटौंडा-५, पिप्ले



DOWNTOWN PIZZA
THE BEST PIZZA IN TOWN
FREE HOME DELIVERY
9802593651 / 9802593652
15% OPENING DISCOUNT
S creative foods Hetauda 4 Parijatpath







दिपेश घलान
कक्षा-६, फेमकोल एकेडेमी
हेटौंडा-१३





सोनु हजरा, कक्षा-३
श्री बाल ज्योती मा. वि हेटौंडा -५
पिप्ले







अनिष भोम्जन
कक्षा-७, कमला आधारभूत विद्यालय,
हेटौंडा-१८






आरभ राय
कक्षा-५, बालजागृति इंग्लिस सेकेण्डरी
स्कुल, हेटौंडा-२





दीक्षा आले मगर
कक्षा-७, रेडरोज इंग्लिस बोर्डिङ स्कूल,
हेटौंडा-१६







चाँदनी साह
कक्षा-५ सिद्धार्थ शिशु सदन मावि
हेटौंडा-५





अणराज लामा
कक्षा-८, निर्मल मावि
हेटौंडा-१९





बिहान कार्की
कक्षा:-४, कमाने एकेडेमी






सुयोग श्रेष्ठ
कक्षा:-५, ब्रम्हदिक् एकेडेमी
हेटौंडा-४